# प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
# Premier Insurance Company (Nepal) Ltd.

प्रिमियर INSURANCE DELIVERING PROMISES

नारायण चौर, नक्साल, पो.ब.नं. ९१८३, काठमाण्डौ, नेपाल ।
फोनः ४४१३५१३, ४४१०६४८, फ्याक्सः ९७७-०१-४४१३४४२
E-mail- premier@picl.com.np, Web: www.premier-insurance.com.np


## प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लि. को स्वामित्वमा रहेको नागरिक लगानी कोषको संस्थापक समूहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

**शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मितिः २०७६।०२।०१**
**शिलबन्दी बोलपत्र पेशगर्ने अन्तिम मितिः २०७६।०२।२१**

प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लिमिटेडको स्वामित्वमा रहेको नागरिक लगानी कोषको संस्थापक समूहको ५०,००० कित्ता संस्थापक शेयरहरु बोलकबोल प्रकृयाबाट बिक्री गर्ने यस कम्पनीको संचालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरुले प्रति कित्ता रु. २,५००/- (अक्षरेपी दुई हजार पाँच सय मात्र) मा नघट्ने गरि यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन अर्थात मिति २०७६/०२/२१ गतेभित्र प्रति कित्ता के कति दर भाउमा लिन कबुल गर्ने हो तल उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न सम्बन्धित सवैमा आव्हान गरिन्छ ।

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ । |
| २. | श्री प्रिमियर इस्योरेन्स कम्पनी (नेपाल) लिमिटेड, केन्द्रीय कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| ३. | श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः (१) बिर्तामोड (२) जनकपुर (३) विराटनगर (४) हेटौंडा (५) नारायणगढ (६) पोखरा (७) बुटवल-मिलनचोक (८) वीरगंज (९) बाग्लुङ (१०) दाङ (घोराही) (११) नेपालगंज-त्रिभुवन चोक (१२) सुर्खेत (१३) धनगढी र (१४) महेन्द्रनगर । |

**तपसिल**

**संस्थापक समूहको बिक्री गर्नुपर्ने शेयर : ५०,००० कित्ता**

**शर्तहरुः**

१. यस बोलकवोल प्रकृयामा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी वाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन् । आवेदकको प्रबन्धपत्र नियमावलीमा शेयर खरिद विक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ ।

२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ । साथै ग्लोबल आइएमई बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सम्बन्धित बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँटमा समावेश गरिने छैन ।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर रेट अंक र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ । धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन ।

४. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु. २,५००/- (अक्षरेपी दुई हजार पांच सय मात्र) तोकिएको हूँदा उक्त मूल्य भन्दा कम मूल्य अंकित गरी पेश गरेको आवेदनलाई बोलकबोल मूल्यांकनमा समावेश गरिने छैन ।

५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १०० (एक सय) कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण ५०,००० कित्ताका लागि आवेदन दिन सकिनेछ ।

६. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको आजका मिति पश्चात् नागरिक लगानी कोषबाट घोषणा हुने बोनश शेयर तथा लाभांश प्रस्तावित खरिदकर्ताहरुले प्राप्त गर्नेछन् । सूचीकरण भैनसकेका बोनश शेयरको हकमा सुचीकरण भई कम्पनीको हितग्राही खातामा प्राप्त भए पश्चात् नामसारी गरिनेछ ।

७. शिलबन्दी खाम बाहिर "**नागरिक लगानी कोषको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

८. बोलपत्रवालाले आफूले खरीद गर्न कवोल गरेको शेयरको सम्पूर्ण रकम वापत बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको Good for payment Cheque/Manager's Cheque आवेदनसाथ संलग्न गर्नुपर्नेछ ।

९. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँट गरिनेछ ।

१०. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ ।

११. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ ।

१४. आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण संलग्न गर्नुपर्नेछ ।

१५. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१६. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाँडफाँट गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी गराइनेछ ।

१७. स्वीकृत बोलपत्रवालालाई बाँडफाँट गर्न यस कम्पनीले निर्णय गरेको ३ कार्य दिन देखि बाँडफाँटमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPC मार्फत सिधै आवेदकको खातामा रकमान्तरण गरिने छ ।

१८. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ । शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नुपर्नेछ ।

१९. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले ग्लोबल आइएमई क्यापीटल, ग्लोबल आइएमई बैंकको कुनै पनि शाखा कार्यालय वा आधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ ।

२०. प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।

२१. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: globalimecapital.com मा हेर्न सक्नुहुने छ ।

**बिक्री प्रबन्धकः**


**Global IME Capital Limited**
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com